नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
(वातावरण व्यवस्थापन शाखा)

फोन नं. : ०१-४२००३०६
फ्याक्स नं : ०१-४२००२८३
Email: ems.mofald@gmail.com
webpage:www.mofald.gov.np
सिंहदरबार, काठमाडौं

पत्र संख्या (वा.व्य.शा.) : ०७३/७४
चलानी नं. : ११४

मिति:२०७३/९/२७

बिषय : निर्देशिका अनुरुप कार्यान्वयन गर्ने बारे ।

श्री जिल्ला विकास समितिको कार्यालय सबै,
श्री काठमाडौं महानगरपालिकाको कार्यालय,
श्री उप-महानगरपालिकाको कार्यालय सबै,
श्री नगरपालिकाको कार्यालय, सबै ।

नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७२/५/३०को निर्णयानुसार स्वीकृत पारमाणविक पदार्थको नियमन सम्बन्धित निर्देशिका २०७२ बमोजिम पारमाणविक पदार्थको ओसारपसार, भण्डारण, प्रयोग तथा कारोवार गर्न चाहने व्यक्ति वा संस्थाले बिज्ञान तथा प्रविधि मन्त्रालयको स्वीकृति लिनुपर्ने व्यवस्था रहेको हुनाले सम्बन्धित कार्यालयको मातहतको क्षेत्रमा उक्त किसिमका कारोवार गर्ने उद्देश्य बोकेका व्यक्ति वा संस्थाहरुलाई बिज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृति लिएर मात्र कारोवार गर्ने व्यवस्था मिलाउनुहुन आदेशानुसार अनुरोध गर्दछु ।

<u>संलग्न</u>
बिज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७३/९/२० च. नं. ५७२ को पत्र

श्री सूचना शाखा : वेव साइटमा पत्र राखिदिनुहुन ।

०७३/९/२८

एकदेव खनाल
शाखा अधिकृत

९१.०५१.२ग

द.:- ३२३

२०७३/९/२६

नेपाल सरकार

# विज्ञान तथा प्रविधि मन्त्रालय

सामान्य प्रशासन महाशाखा
दर्ता :- २०९३
मिति :- २०७३।९।२४

च.नं. :- ५६२

प.सं. :- ०७३/७४

मिति २०७३।९।२०

श्री स्थानिय विकास मन्त्रालय,
सिंहदरवार, काठमाडौं ।

विषय : निर्देशिका कायान्वयन सम्वन्धमा ।

उपरोक्त सम्वन्धमा नेपाल सरकार मं.प.को मिति मिति २०७२।०५।३० को निणयानुसार स्वीकृत "पारमाणविक पदार्थको नियमन सम्वन्धित निर्देशिका, २०७२" वमोजिम पारमाणविक पदार्थको ओसार पसार, भण्डारण, प्रयोग र कारोवार गर्न चाहने व्यक्ति वा संस्थाले यस मन्त्रालयको स्वीकृति लिनु पर्ने व्यवस्था रहेकोमा सो को कार्यान्वयनको लागि मिति २०७२।१२।१२ र २०७३।१।१४ मा गोरखापत्र राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरी सरोकारवाला निकायहरुलाई पटक पटक पत्राचार समेत गर्दा उक्त प्रावधानको संन्तोषजनक कार्यान्वयन भएको नपाइएकोले प्रभावकारी कार्यान्वयन प्रयोजनका लागि सम्वन्धित निर्देशिका पुनः प्रेषित गरिएको व्यहोरा निर्देशानुसार अनुरोध गरिन्छ ।

शंकर कार्की
शाखा अधिकृत

श्री प्र.प्र. महाशाखा
९/२२

दर्ता ९२५ ९/२

श्री ...
यो व्यहोरा लेखी सबै जिविस, न.पा. लाई पत्र लेख्ने / web-upload गर्ने ।
९/२६

टेलिफोन नं.: ... फ्याक्स नं.: ...